# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

## मिति २०६६/११/३ गते सोमवार देखि २०६६/११/६ गते बिहिबार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा १०० कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ३३०४ कारोबारबाट ११ करोड ८० लाख ९६ हजार रुपैयाँ बराबरका २ लाख ५५ हजार कित्ता शेयरहरु खरीद विक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा ३२.९३ प्रतिशतले ह्रास आएको हो । गत साता ४७३९ कारोबारबाट १७ करोड ६० लाख ७७ हजार रुपैयाँ बराबरका ३ लाख ७९ हजार ४ सय कित्ता शेयरहरु खरीद विक्री भएका थिए । कूल कारोबार मध्ये 'क' वर्गका कम्पनीहरुको मात्र ७ करोड ४४ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ६३.०३ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा ७.८८ अंकले ह्रास भई अन्तिम दिन ४८५.१४ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ४६२.७६ | ४३७.४७ | ३६६.४९ | ५५८.१० | ८०३.६२ | २५६.०७ | ५७५.१४ | ४९०.२४ | ५१४.३८ | ४९३.०२ | ११८.८४ | ४६.३८ |
| दोस्रो | ४५८.८६ | ४३७.४७ | ३६६.४९ | ५३६.९५ | ७९९.७६ | २५६.०७ | ५७६.०४ | ४८६.२३ | ५१४.६१ | ४८६.८२ | ११७.९४ | ४६.०३ |
| तेस्रो | ४५६.६९ | ४३७.४७ | ३६६.४९ | ५४२.८३ | ७८९.९७ | २५१.३५ | ५७५.६० | ४८१.८९ | ५१४.९१ | ४८५.८२ | ११७.५४ | ४५.७७ |
| चौथो | ४५७.५४ | ४३७.४७ | ३६६.४९ | ५३५.७८ | ७८९.७० | २५१.३५ | ५७५.५१ | ४७९.३८ | ५१८.५६ | ४८५.१४ | ११७.६६ | ४५.८० |
| परिवर्तन | -५.२२ | ०.०० | ०.०० | -२२.३२ | -१३.९२ | -४.७२ | ०.३७ | -१०.८६ | ४.१८ | -७.८८ | -१.१८ | -०.५८ |

'क' वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा १.१८ अंकले ह्रास भई ११७.६६ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (३ करोड ४८ लाख रुपैयाँ) को आधारमा स्ट्याण्डर्ड चार्टर्ड बैंक, शेयर संख्या (४४ हजार कित्ता) को आधारमा नेशनल हाइड्रो पावर कम्पनी र कारोवार संख्या (४११ वटा) को आधारमा भिवोर विकास बैंक अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | स्ट्याण्डर्ड चार्टर्ड बैंक | ३४.८८ |
| २ | नबिल बैंक | ९.५५ |
| ३ | भिबोर विकास वैंक | ८.५५ |
| ४ | नेपाल इण्ड्रष्ट्रियल एण्ड कर्मसियल बैंक | ५.३४ |
| ५ | बैंक अफ काठमाण्डू | ४.६३ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ४ दिन खुला रह्यो । यस साता पनि ऋणपत्रतर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।